नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल।

पत्र संख्या :-
च.नं.

# विश्व पर्यटन दिवसको शुभकामना

Tourism and Sustainable Transformation को नाराका साथ आज ४६औं विश्व पर्यटन दिवस पर्यटन क्षेत्रका सरोकारवाला निकायहरूसँगको सहकार्यमा पर्यटन सम्बन्धी कार्यक्रमहरूको आयोजनाका साथ मनाईदैछ। नेपाल प्राकृतिक, सांस्कृतिक एवं ऐतिहासिक सम्पदाहरूले शोभायमान छ। हाम्रो संस्कृति, प्रकृति, सम्पदा र इतिहासलाई पर्यटकीय गतिविधिसँग आवद्ध गर्दै नेपाललाई विश्वमा उत्कृष्ट पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्न आवश्यक छ। पर्यटकलाई नेपालमा आकर्षित गरी उनीहरूको सुखद भ्रमणको अनुभूति हुने वातावरण सिर्जना गर्नु हामी सबैको कर्तव्य हो।

नेपाल विविधता, सौन्दर्य र सांस्कृतिक धरोहरले भरिपूर्ण राष्ट्र हो। हिमाल, पहाड र तराईका भौगोलिक विशेषता, परम्परा, कला, संस्कृति र अतिथि देवो भवः भन्ने नेपाली आतिथ्यभावले नेपाललाई विश्वकै आकर्षक गन्तव्यको रूपमा चिनाएको छ। विश्व पर्यटन दिवसले हामीलाई पर्यटन विकासलाई दिगो, समावेशी र उत्तरदायी बनाउन प्रेरित गर्दछ। दिगोपन, प्रविधि र समुदायमा—आधारित पर्यटन हाम्रो प्राथमिकतामा रहनुपर्ने आवश्यकता छ। युवा पुस्ताको सक्रिय सहभागिता, स्थानीय उत्पादनको प्रवर्द्धन, हरित ऊर्जा प्रयोग र पर्यटन पूर्वाधारको विस्तारमार्फत नेपाललाई पर्यावरणमैत्री र दिगो पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न सकिन्छ।

संघ, प्रदेश र स्थानीय सरकारका साथै निजी क्षेत्रसँगको सहकार्यमा मुलुकलाई सुरक्षित र आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने, पर्यटन प्रवर्द्धन र पूर्वाधारको विकास गरी राष्ट्रिय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान अभिवृद्धि गर्ने योजनासहित मन्त्रालयबाट समयसापेक्ष पर्यटन विधेयक तर्जुमा गरिएको, पर्यटन नीति, २०८२ नेपाल सरकारबाट स्वीकृत भई लागु गरिएको र पर्वतारोहण नियमावलीमा समेत संशोधन गरी समयानुकुल व्यवस्था राखिएको छ। पर्यटन नीतिले मुलतः पर्यटकीय वस्तुको विकास र विविधिकरण, गुणस्तरीय पर्यटकीय पुर्वाधारको विकास र विस्तार, दिगो र उत्थानशील पर्यटनको विकास, रोजगारी एवम् स्वरोजगारी सिर्जना गरी आर्थिक विकासमा योगदान दिने लगायतका उद्देश्य राखी तदनुरुपका कार्यनीति र कार्ययोजनाहरू निर्धारण गरेको छ। यसबाट नेपालको समग्र पर्यटन क्षेत्रको विकास र विस्तारमा सकारात्मक योगदान पुग्ने देखिन्छ।

नेपालमा भएको युवापुस्ताको आन्दोलनबाट पर्यटकीय क्षेत्रमा भएका क्षतिलाई पुनरुत्थान गर्दै सकारात्मक प्रचारप्रसार गर्नुपर्ने देखिन्छ। तीनै तहका सरकारी, निजी क्षेत्र र नागरिक समुदायबीचको सहकार्यबाट नेपालको पर्यटन उद्योग अझ सशक्त एवम् चलायमान हुनेछ र आर्थिक समृद्धिमा टेवा पुग्ने विश्वास लिएको छु। यस अवसरमा नेपालको पर्यटन क्षेत्रमा संलग्न सबै सरोकारवाला निकायहरूलाई थप सफलताको शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८२ असोज ११

हरिप्रसाद मैनाली
सचिव